राप्ति सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके
५ नं. प्रदेश, नेपाल

# नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान संम्बन्धी सुचना

दोश्रो पटक प्रकाशित मिति २०७५/१०/०८

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ) १ (घ) २ र दफा (घ) ६ समेतमा भएको व्यवस्था , राप्ती नदी ,झिझरी खोला, परुवा खोला, मुगुवा खोला र खैरी खोलाको प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** प्रतिवेदन, ५ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७५, ५ नं. प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा जिल्ला समन्वय समिति बाँकेको मिति २०७५।०९।०२ को निर्णय, र यस गाउपालिकाको कार्यपालिकाको मिति २०७५।०९।०३ को निर्णय अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम देहायका शिर्षकहरुमा राजस्व अशुली सम्बन्धी काम आ.व. २०७५/०७६ मा ठेक्काद्धारा गराउनु पर्ने भएकोले सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्म,व्यक्ति र कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ताको प्रमाण पत्र , आ.ब. २०७४।७५ को कर चुक्ताको प्रमाण पत्र र नेपाली नारिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि बोलपत्र पेश गर्नहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोमा ठेक्का नं. ९/०७५/०७६ खैरी खोलाको लागि एक मात्र बोलपत्र पेश भएको हुँदा प्रसेश सरकार प्रदेश नं. ५ उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (७) र (९) मा भएको व्यवस्था अनुसार पुन सूचना पप्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

<u>ठेक्का विवरणः</u>

| ठेक्का न.. | ठेक्काको नाम | उत्खनन परिमाण (घनफिटमा ) | दर प्रति घनफिट (वातावरणिय शुल्क समेत ) | न्युनतम ठेक्का रकम (सेवाशुल्क र मू.अ.कर बाहेक ) | बोलपत्र फाराम दस्तुर | धरौटी/ जमानत रकम |
|---|---|---|---|---|---|---|
| ०९/०७५/०७६ | **खैरी खोलाबाट** ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, संकलन तथा विक्री वितरण। | २३,१५,२५० (तेइस लाख पचास हजार दुई सय पचास घनफिट ) | रु. ६।५० (छ रुपैया पचास पैसा) | १,५०,४९,१२५।– (एक करोड पचास लाख उन्पचास हजार एक सय पच्चिस रुपैया मात्र ) | ३०००।– (तीन हजार रुपैया ) | कबोल अंकको ५(पाँच) प्रतिशत |

<u>ठेक्का सम्वन्धि शर्तहरुः-</u>

१. माथि उल्लेखित ठेक्काको लागि बोलपत्र फारम खरिद गरी फारममा उल्लेख गरीएको सम्पुर्ण विवरण भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी खामबंन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्काको विवरण, प्रोपराईटरको नाम, ठेगाना, मोवाइल नं. स्पष्ट रुपमा भरी फर्मको छाप लगाई तोकिएको समयावधी भित्र पेश गर्नुपर्नेछ।

२. ठेक्का अवधि आ.व. २०७५/०७६ जेठ मसान्तसम्म रहनेछ। बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईनेछैन। प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाईनेछैन।

२०७५।१०।०८

नि.प्रमुख प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
बाँके
२०७३

३. माथि उल्लेखित ठेक्का कबोल अंकको थप मूल्य अभिवृद्धि कर १३ प्रतिशत राजश्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको शमशेरगजं स्थित हिमालयण बैंक लि.मा रहेको धरौटी खाता नं.०५२०७५४०५१००१४ ग–३ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र खरिद गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (विड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ ।

५. प्रचलित कानुन बमोजिम कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा १० प्रतिशतसम्म रकम छुट दिन सकिनेछ, तर नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर प्रयोजनको लागि भने छुट दिईनेछैन ।

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ तथा बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुनेछैन, साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारबाहि हुनेछैन, ठेक्कामा कुनै विवाद भएका राप्ति सोनारी गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

७. **उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र रितपुर्वक यस कार्यालयमा र जिल्ला प्रशासन कार्यालय, बाँकेमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे राप्ति सोनारी गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।**

८. बोलपत्र फारमहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा दर्ता तथा खोलिने कार्य गरिनेछ ।

९. एक फर्म वा संस्थाको नाममा खरीद गरीएको फारम अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

१०. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरीनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएका आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुंदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यॉकनमा समावेश गरिनेछैन ।

१३. जमानी बापत बोलपत्रमा आफूले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

***आय ठेक्का सम्वन्धि अन्य शर्तहरुः-***

१. बोलपत्र स्विकृत भएमा सो को सूचना पाएको वा सूचना टाँस भएको मितिले ७ दिन भित्र मू.अ.कर दर्ता प्रमाण पत्र समेत लिई ठेक्का अंकको प्रथम किस्ता वापत ५० प्रतिसत रकम अनिवार्य रुपमा बुझाउनु पर्ने छ । दोश्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैङ्कबाट ईजाजत प्राप्त बाणिज्य बैङ्कबाट यस कार्यालयको नाममा २०७५ श्रावण मसान्त सम्म म्याद सहित जारि भएको बैंक ग्यारेन्टि (परफरमेन्स बण्ड )पेश गरि पट्टा उठाउनु पर्ने छ ।

२. यस गाउपालिका भित्रका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा भएका अध्ययन एबं प्रतिबेदन तथा नेपाल सरकारबाट भएका निर्देशनहरु, राप्ति सोनारी गाउपालिकाको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन सम्बन्धि कार्ययोजना २०७५ र ५ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७५, ५ नं. प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन ।

३. राप्ति सोनारी गाउँपालिकाको विकास निर्माण कार्यक्रम सञ्चालन गर्ने क्रममा गाउँपालिका स्वयम् वा अमानतमा सवारी साधन मार्फत वर्ष दिनभरी प्रयोग गरेको गिटी, बालुवा, ग्राभेल, आदी र विदेशी दातृ निकायसँग भएको करछुट सम्बन्धि सम्झौता भई सञ्चालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउनेछैन ।

४. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरको बिचमा खोलिनेछ तर, बोलपत्रदाता वा निजको प्रतिनिधि सो कार्यालयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

५. बोलपत्र फाराम नियमानुसारको राजश्व रकम तिरी राप्ति सोनारी गाउापालिकाको कार्यालय, बाँकेबाट खरिद गरी पेश गर्न सकिनेछ ।

६. बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्राप्त गरी तोकिएको समय भित्र कार्यालयमा सम्झौता गरी सक्नु पर्ने छ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुने छ ।

७. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

८. जानकारीको लागि यस कार्यालयको वेवसाइट www.raptisonarimun.gov.np मा समेत हेर्न सकिने छ ।

२०७५।१०।०६

राप्ती सोनारी गाउँपालिका बाँके २०७३

जि.प्रमुख प्रशासकीय अधिकृत